वैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाडुडाँडा दोलखा
३ नं. प्रदेश, नेपाल

**प्रेस नोट** **मितिः २०७५।०४।०५**

यस गाउँपालिकाले आर्थिक वर्ष २०७४।०७५ मा स्वीकृत वार्षिक विकास कार्यक्रम करिब ९० प्रतिशतको हाराहारीमा भौतिक प्रगति र करिब ८८ प्रतिशत वित्तिय प्रतति गर्दै आर्थिक वर्षका कार्यक्रमहरु समाप्त भएका छन् । स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधिसहित निर्मित वार्षिक विकास कार्यक्रमको कार्यान्वयन, भर्खरै अभ्यासमा रहेको स्थानीय तह, कर्मचारीको न्युनता, ऐन नियम न्युन भइ गतिशिलता हासिल गर्न नसकेको संक्रमणकालिन अवस्थामा गाउँपालिकाको कार्यसंचलनमा यो वर्ष असहज नै रह्यो । यहा सम्म आइपुग्दा विभिन्न तरिकाबाट सुझाव, सल्लाह, प्रतिक्रिया प्रदान गरी प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नुहुने जनप्रतिनिधिहरु, कर्मचारी, राजनीतिक दल, नागरिक समाज,संचार जगत लगाएत सम्बद्ध सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

यस गाँउपालिकाले समय समयमा विकास निर्माण तथा सेवा प्रवाहका अवस्थाको बारेमा सुसाशन प्रवर्द्धन गर्दै सार्वजानिक उत्तरदायित्व तथा जिम्मेवारी प्रवर्द्धन गर्न सबै सरोकारवालाहरु समक्ष सामाजिक संजाल, श्रव्यदृश्य माध्यम तथा सार्वजानिक सुनुवाई लगाएतका माध्यमबाट पारदर्शिता र सूचनाको हकमा सबैको प्रत्याभुत गर्न अधिकतम प्रयास गर्दै आएको सबैमा विदितै छ । यस क्रममा गत आवमा यस गाउँपालिकाले गरेका प्रमुख कार्यहरु देहायअनुसार रहेका छन्:

- ✓ गाउँपालिकाको केन्द्र स्थापनार्थ स्थानीयवासीबाट करिब ५५ रोपनी जग्गा निःशुल्क प्राप्त गरीएको,
- ✓ हरेक वस्तिमा सडकको पहुँच पुर्‍याउँदै भुकम्प पछिको पूनः निर्माण तथा निजि आवास निर्माणमा तिव्रता दिइएको फलस्वरुप गाउँपालिकाको निजिआवास निर्माणमा जिल्लाकै अग्रस्थानमा रहेको ।
- ✓ वार्षिक विकास कार्यक्रम तथा सेवा प्रवाहलाई सकेसम्म चुस्तदुरुस्त बनाइएको, जसको निमित्त प्रदेश,संघीय, स्थानीय सरकार एवं अन्य सरोकारवालाहरुसँ सहकार्य गरिएको,
- ✓ सवै वार्ड कायार्ललय तथा गाउँपालिका कार्यालयबाट सम्पादन हुने कार्यहरुलाई प्रविधिमैत्री बनाइएको ।
- ✓ समय समयमा सार्वजानिक सुनुवाई,सुनासो व्यवस्थापन,नागरिक वडापत्र,सूचना पार्टी, सूचना अधिकारी, सामाजिक संजाल लगाएत अन्य माध्यम मार्फत सूचना संप्रेषण गर्दै पारदर्शिता प्रवद्धन गरिएको,
- ✓ गैरसरकारी संघसंस्थाहरुबाट हुने गैरबजेटरी खर्चलाई क्रमशः न्युनिकरण गर्दै त्यस्ता संघसंस्थाहरुको बजेट समेत गाउँपालिको बजेटमा समावेश गरी सहकार्यात्मक रुपमा कार्यक्रम कार्यान्वयन गर्ने कार्य अगाडि बढाइएको ,
- ✓ विवादको समाधान,गुनासो व्यवस्थापन,सेवा प्रवाह तथा विकास निर्माण कार्यमा सेवाग्राहि,नागरिक समाज,सरकारी तथा गैरसरकारी संघसंस्था एवं संचार जगत लगाएत सबै सँग सहकार्य गरिएको,

# वैतेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पाडुडाँडा, दोलखा
३ नं. प्रदेश, नेपाल


आगामी आर्थिक वर्षमा यस कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह,विकास निर्माण, आन्तरिक राजस्व परिचालन, आर्थिक,समाजिक तथा वित्तिय क्षेत्रको कुशल व्यवस्थापन मार्फत नागरिकमैत्री सेवा प्रदान गर्न विभिन्न क्षेत्रसँगको सहकार्य गर्दै गाउँपालिका अगाडि बढ्नेछ । आर्थिक वर्ष २०७५।०७६ को लागि स्वीकृत वार्षिक विकास कार्यक्रमको कार्यान्वयन गर्नको लागि ३६ करोड ७८ लाख ८८ हजारको अनुमानित आय र व्ययको प्रक्षेपण निर्धारित समयमै ल्याइएको छ । सो को कार्यान्वयन गर्न मिति २०७५ श्रावण २ गते बसेको गाउँ कार्यपालिको वैठकले केहि देहायअनुसारका उल्लेख्य निर्णयहरु गरेको छ ।

- ✓ **आ.व. २०७५।०७६ को विकास निर्माण तथा सेवा प्रवाहको लागि स्वीकृत वार्षिक विकास कार्यक्रमहरु जेष्ठ मसान्त सम्म सकाउने तथा असारमा गएर खर्च गर्ने परिपाटी र असारे विकासलाई क्रमशः अन्त्य गर्ने । खर्च समेत जेष्ठ मसान्त सम्म गर्ने ।**
- ✓ श्रावण भित्र ठेक्का मार्फत गर्ने कार्यहरुको प्रकृया सुरु गर्ने,भाद्र मसान्त सम्म उपभोक्ता समिति गठन गरि उपभोक्ता समितिलाई अभिमूखिकरण गरेर मात्र आयोजना सुरु गर्ने, भाद्र मसान्त सम्म उपभोक्ता समिति गठन हुन नसकेका आयोजनाहरु ठेक्का प्रक्रियाबाठ संचालन गर्ने,
- ✓ आर्थिक वर्षको मध्यावधिमा विकास निर्माण एवं सेवा प्रवाहलाई समिक्षा गर्दै सो समयमा सुरु हुन नसकेका आयोजनाहरुको बजेट रिभाइज गर्ने
- ✓ श्रावण भित्र वार्षिक योजना कार्यान्वयन निर्देशिका तयार गरी आगामि आ.व.को विकास निर्माण,सेवा प्रवाहलाई प्रभावकारी,नागरिकमैत्री एवं चुस्त दुरुस्त गर्ने
- ✓ भूकम्प पछिको निजि आवस निर्माणको समयमा बजारमा महंगी,कालोबजारी, तथा मनोमानी बढेकोले सो को नियन्त्रण गर्न अनुगमन समितिलाई सक्रिय बनाइ निमार्ण,ढुवानी,तथा प्राकृतिक स्रोतसाधनको न्युनतम दररेट तयार गर्ने त्यसको निमित्त अन्तरस्थानीय तह एकरुपता ल्याउन सहकार्य गर्ने ।

आगामि आर्थिक वर्षलाई बजेट कार्यान्वयन वर्षको रुपमा मनाउँदै समृद्ध बैतेश्वरको आधार निर्माण सम्बद्ध सबै पक्षहरुको सहयोग तथा यस गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाहमा आधिकाधिक सहभागिताको अपेक्षा गर्दछौं ।

**–वैतेश्वर गाउँपालिका,पाडुडाँडा, दोलखा ।**

**धन्यवाद !**